बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)
☎ 021-434259

प.स. : (Letter No): २०८३।८४ (2083/84)
च.नं. :(Dispatch No:)

मिति—२०८३।०८।०३

सूचना ! सूचना !! सूचना !!!

विषय: उद्यमशीलता विकास तथा सीपमूलक तालिममा सहभागी हुन आवेदन पेश गर्ने सम्बन्धी सूचना।

बेलबारी नगरपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक श्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रमबाट वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरू लगायत स्वदेशमा रोजगारको अवसरको खोजीमा रहेका बेरोजगार तथा उद्यमशीलतामा रुचि भएका व्यक्तिहरूलाई लक्षित गरी *श्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रम (लागत साझेदारी) सञ्चालन मार्गदर्शन, २०८३/०८४* बमोजिम उद्यमशीलता विकास तथा सीपमूलक तालिम सञ्चालन गरिने भएकोले यस नगरपालिकामा स्थायी बसोबास गर्ने योग्यता पुगेका इच्छुक व्यक्तिहरूले आवश्यक कागजातसहित बेलबारी नगरपालिका रोजगार, सीप तथा उद्यमशिलता केन्द्रमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना आह्वान गरिएको छ।

१. कार्यक्रमको विवरण:

- **पहिलो चरण:** ७ दिने उद्यमशीलता विकास तथा व्यवसायिक योजना निर्माण तालिम, १०० जना सहभागी (२५/२५ जनाका ४ समूह)। सहभागीमध्ये कम्तीमा ३० प्रतिशत अर्थात् ३० जना वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति अनिवार्य हुनेछन्।
- **दोस्रो चरण:** ३९० घण्टे सीपमूलक तालिम, ४० जना सहभागी (२०/२० जनाका २ समूह)। पहिलो चरणको तालिममा सहभागी १०० जनामध्येबाट मात्र छनोट गरिनेछ। सहभागीमध्ये कम्तीमा ३० प्रतिशत अर्थात् १२ जना वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति अनिवार्य हुनेछन्।

२. आवश्यक योग्यता तथा शर्तहरू:

- आवेदक बेलबारी नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ।
- बेरोजगार तथा उद्यमशीलता, सीप विकास र स्वरोजगारप्रति इच्छुक हुनुपर्नेछ।
- यसअघि कुनै पनि क्षेत्रमा सीप विकास तालिम लिई सीप परीक्षण गरिसकेका व्यक्ति आवेदनका लागि योग्य हुने छैनन्।
- दोस्रो चरणको सीपमूलक तालिममा पहिलो चरणको उद्यमशीलता विकास तालिममा सहभागी भएकाहरूमध्येबाट मात्र छनोट गरिनेछ।

३. आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरू:

तोकिएको ढाँचामा निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो, स्थायी बसोबास खुल्ने प्रमाण तथा वैदेशिक रोजगारीबाट फर्किएको भए सो खुल्ने प्रमाण।

४. आवेदन दिने अन्तिम मिति तथा स्थान:

यो सूचना प्रकाशित भएको मितिले २०८३ साल मङसिर महिनाको १८ गते कार्यालय समयभित्र बेलबारी नगरपालिका रोजगार, सीप तथा उद्यमशिलता केन्द्र, बेलबारी।

belbarimun.gov.np
info@belbarimun.gov.np

बेलबारी नगरपालिका

BELBARI MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

बेलबारी, मोरङ

BELBARI, MORANG

कोशी प्रदेश, नेपाल

(KOSHI PROVINCE, NEPAL)

☎ 021-434259

प.स. : (Letter No): २०८३।८४ (2083/84)

च.नं. :(Dispatch No:)

मिति—२०८३।०८।०३

५. आवेदन पेस गर्ने तरिका :

क. बेलबारी नगरपालिका रोजगार, सीप तथा उद्यमशिलता केन्द्रमा भौतिक रुपमा उपस्थित भई आवेदन दिन सकिनेछ।

ख. अनलाई मार्फत आवेदन दिनका लागि लिङ्कमा गई आवेदन दिन सकिनेछ वा तल उल्लेखित QR Code Scan गरि समेत आवेदन दिन सकिनेछ।

https://docs.google.com/forms/d/16mgeXEaChsYPVxoslJYGTESP10pG1cr0qJnpWdM4SWw/preview

(दिनेश खड्का)

रोजगार, सीप तथा उद्यमशिलता केन्द्र

फोकल पर्सन

बोधार्थ :

श्री नगर प्रमुख ज्यू/उपप्रमुख ज्यूको सचिवालय – जानकारीका लागि।

श्री सबै वडा कार्यालय – जानकारीका लागि

श्री सूचना प्रविधि शाखा – वडाकार्यालयमा इमेल website तथा facebook page मा अपलोड गरी गरिदिनुहुन।

belbarimun.gov.np

info@belbarimun.gov.np

बेलबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रोजगार, सीप तथा उद्यमशिलता केन्द्र, बेलबारी, मोरङ

श्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रम

आवेदन फाराम

मिति :

आवेदकको व्यक्तिगत विवरण

१. आवेदकको पूरा नाम, थर: .....

२. जन्म मिति: ..... उमेर: ..... वर्ष

३. लिङ्ग: पुरुष / महिला / अन्य

४. स्थायी ठेगाना:

- वडा नं.: .....
- टोल: .....
- बेलबारी नगरपालिका, मोरङ ।

५. हालको ठेगाना: .....

६. सम्पर्क मोबाइल नं.: .....

७. नागरिकता प्रमाणपत्र नं.: .....

८. नागरिकता जारी मिति, जिल्ला: .....

९. शैक्षिक योग्यता: .....

वैदेशिक रोजगारीसम्बन्धी विवरण

१०. के तपाईं वैदेशिक रोजगारीबाट फर्किएको व्यक्ति हुनुहुन्छ?

☐ हो ☐ होइन

११. हो भने, वैदेशिक रोजगारीमा गएको देश: .....

१२. बैदेशिक रोजगारमा सिकेको सीप : .....

१३. वैदेशिक रोजगारीको अवधि: .....

१४. नेपाल फर्किएको मिति: .....

तालिम तथा उद्यमशीलतासम्बन्धी विवरण

१५. के तपाईंले यसअघि कुनै क्षेत्रमा सीप विकाससम्बन्धी तालिम लिनुभएको छ?

☐ छ ☐ छैन

१६. के तपाईंले यसअघि कुनै सीपको सीप परीक्षण गर्नुभएको छ?

☐ छ ☐ छैन

१७. तपाईं कुन क्षेत्रमा उद्यम व्यवसाय सञ्चालन गर्न इच्छुक हुनुहुन्छ?

.....

.....

१८. तपाईंले कुन क्षेत्रमा सीपमूलक तालिम लिन चाहनुहुन्छ?

.....

१९. तालिम प्राप्त गरेपछि के गर्ने योजना छ?

☐ स्वरोजगार तथा आफ्नै व्यवसाय सञ्चालन गर्ने।

☐ रोजगारीमा संलग्न हुने।

☐ अन्य .....

आवेदकको स्वघोषणा

माथि उल्लेखित विवरणहरू सत्य तथा सही छन्। म बेलबारी नगरपालिकाको स्थायी बासिन्दा हुँ। यसअघि कुनै पनि क्षेत्रमा सीप विकास तालिम लिई सीप परीक्षण गरिसकेको छैन । तालिममा छनोट भएमा नियमित रूपमा सहभागी भई प्राप्त ज्ञान तथा सीपलाई व्यवहारमा उपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । साथै, पहिलो चरणको उद्यमशीलता विकास तथा व्यवसायिक योजना निर्माण तालिममा सहभागी भएपछि मात्र दोस्रो चरणको सीपमूलक तालिमका लागि छनोट हुन सक्ने व्यवस्था रहेको जानकारी प्राप्त गरेको छु ।

उल्लेखित विवरण झुट्टा ठहरिएमा प्रचलित नियमअनुसार हुने कारबाही स्वीकार गर्नेछु ।

आवेदकको नाम: .....

हस्ताक्षर: .....

मिति: .....

संलग्न कागजातहरू

☐ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

☐ पासपोर्ट साइजको फोटो १ प्रति ।

☐ स्थायी बसोबास खुल्ने प्रमाण ।

☐ वैदेशिक रोजगारीबाट फर्किएको भए सो खुल्ने प्रमाण ।

कार्यालय प्रयोजनका लागि

दर्ता नं.: .....

दर्ता मिति: .....

आवेदन रुजु गर्ने कर्मचारीको नाम: .....

आवेदन रुजु गर्ने कर्मचारीको हस्ताक्षर : .....

कैफियत: .....